# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


## प्रेस विज्ञप्ति

### धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमतिपत्र प्रकृया सम्बन्धमा

धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ नेपाल सरकार, मन्त्रिपरिषद्बाट पाँचौं संशोधन मिति २०७९/०५/२९ मा स्वीकृत भई धितोपत्र दलाल व्यवसायीको खुला प्रवेशको नीतिगत व्यवस्था गरेको छ। अन्तर्राष्ट्रिय अभ्यास अनुरुप संस्थाको पूँजी, संचालकहरुको योग्यता, संस्था प्रमुखको योग्यता तथा सूचना प्रविधिलाई अनुमतिपत्र प्रदान गर्ने प्रमुख मापदण्डहरु मानी नियमावलीको व्यवस्था बमोजिम बोर्डले मिति २०७९/०६/०२ मा धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमतिपत्रका लागि निवेदन दिने सम्बन्धमा ३० दिने सार्वजनिक सूचना प्रकाशित गरी निवेदन माग गरेको थियो। कुल ४६ आवेदन प्राप्त भएकोमा ४१ सीमित कार्य गर्ने धितोपत्र दलाल, ४ पूर्ण कार्य गर्ने धितोपत्र दलाल तथा १ धितोपत्र व्यापारीको लागि आवेदन प्राप्त भएकोमा १४ आवेदन वित्तीय संस्थाको सहायक कम्पनीको रहेको छ।

धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३ को उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि रितपूर्वक निवेदन परे नपरेको, आवश्यक विवरण तथा कागजात संलग्न भए नभएको र ऐन तथा यस नियमावली बमोजिम पूरा गर्नुपर्ने शर्त पूरा भए नभएको जाँचबुझ गरी निवेदन दिने म्याद समाप्त भएको मितिले पैतिस दिनभित्र अनुमतिपत्र जारी हुन सक्ने वा नसक्ने सम्बन्धमा निर्णय गर्नु पर्ने व्यवस्था अनुरुप धितोपत्र व्यवसायी ( धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३ को उपनियम (३) बमोजिम अनुमतिपत्र जारी हुन सक्ने देखिँदा ४३ वटा निवेदक कम्पनीहरुलाई धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ४ बमोजिम आवश्यक पूर्वाधार तयार गर्न सूचित गरिएको छ।

उल्लेखित व्यवस्थामार्फत १२ वटा 'क' बर्गका बैंकको सहायक कम्पनीहरु तथा ३१ अन्य संस्थाहरुलाई धितोपत्र दलाल तथा व्यपारीको रुपमा प्रवेश गराउने प्रक्रियाले धितोपत्र बजार थप प्रतिस्पर्धी तथा पारदर्शी हुने, धितोपत्र बजार सेवाको स्तरवृद्धिको साथै सेवा तथा मुल्यमा प्रतिस्पर्धा भई लगानीकर्ता लाभान्वित हुने देखिएकोमा लामो समयदेखि लगानीकर्ताबाट माग भई आएको धितोपत्र दलाल व्यवसायीको प्रवेश सम्बन्धी माग सम्बोधन भएको तथा धितोपत्र बजारमा प्रतिस्पर्धाका साथै रोजगारीको समेत सृजना भई अर्थतन्त्रमा समेत योगदान हुने बोर्डको विश्वास रहेको छ।

यसरी कानूनी रुपमा नै समय सीमा तोकी, जवाफदेही पद्धतिको विकास गरी, सार्वजनिक रुपमा आह्वान गर्दै पारदर्शी प्रकृयाबाट मापदण्ड पुरा गरेका सबैलाई समान अवसर प्रदान गरी तोकिएको समयमै पूर्वाधार तयार गर्न सूचित गरिएकोमा केही संस्थाहरुले धितोपत्र दलाल व्यवसायलाई प्रतिस्पर्धी हुन नदिई सधै सीमित व्यवसायीको घेरा भित्र राख्ने कुण्ठित मनसायबाट प्रेरित भई बोर्डको यस कार्यको विरोध गर्दै बोर्डलाई विभिन्न प्रकारका आधारहीन, कपोकल्पित आरोपहरु लगाइएकोमा बोर्डको गम्भिर ध्यानाकर्षण भएको छ। बोर्डले पछिल्लो समयमा समग्र धितोपत्र बजार विकास तथा विस्तारमा निरन्तर पहलकदमी लिइरहेको सन्दर्भमा आफ्नो न्यूनतम व्यवसायीक मर्यादालाई समेत कायम नराखी निश्चित आत्मकेन्द्रीत स्वार्थ प्रेरित विज्ञप्ति प्रकाशित गरी समग्र बजार विकासमा वाधा पुऱ्याउन भएको प्रयास प्रति बोर्ड खेद व्यक्त गर्दछ। साथै, लगानीकर्ताको हकहित संरक्षण र बजार विकास तथा विस्तारका लागि बोर्डले आगामी दिनहरुमा समेत खुला प्रगतिशिल नीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछ।

मिति: २०८०/०२/०१

सहायक प्रवक्ता


**Post Box No.: 9031, Khumaltar, Lalitpur, Nepal**
**Phone: 00977-1-5550511, 5551162, 5544077, 5550512, 5541057, Toll Free No.: 1660-01-44433**
**Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np**